# भाग २

## नेपाल सरकार

## कानून, न्याय तथा संविधानसभा व्यवस्था मन्त्रालय

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा (१) बमोजिम राष्ट्रपतिबाट जारी भएको तल लेखिए बमोजिको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०६५ सालको अध्यादेश नं. ४

### व्यक्ति बेपत्ता पार्ने सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश

**प्रस्तावना** : बेपत्ता पार्ने कार्यमा संलग्न व्यक्तिलाई सजाय गर्न, पीडितलाई परिपूरणको व्यवस्था गर्न तथा बेपत्ता पारिएका व्यक्ति र त्यस्तो कार्यमा संलग्न व्यक्तिहरुका सम्बन्धमा छानविन गरी सत्य तथ्य पत्ता लगाउने सम्बन्धमा तत्काल कानूनी व्यवस्था गर्न आवश्यक भएको र हाल व्यवस्थापिका-संसदको अधिवेशन नभएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा (१) बमोजिम राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यस अध्यादेशको नाम "व्यक्ति बेपत्ता पार्ने (कसुर र सजाय) अध्यादेश, २०६५" रहेको छ ।

(२) यो अध्यादेश नेपाल राज्यभर लागू हुनेछ र नेपाल राज्य बाहिर जहांसुकै रहेबसेका नेपाली नागरिक र यस अध्यादेश अन्तर्गत कसुर गरेको मानिने कुनै काम गरी विदेशमा बस्ने गैर नेपाली नागरिकलाई समेत लागू हुनेछ ।

1327

(३) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस अध्यादेशमा,-

(क) "व्यक्ति बेपत्ता पार्ने कार्य" भन्नाले देहायको कार्य सम्झनु पर्छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) कानून बमोजिम पक्राउ गर्न, अनुसन्धान तहकिकात गर्न वा कानून कार्यान्वयन गर्न अख्तियारी पाएको व्यक्ति वा सुरक्षाकर्मीले पक्राउ गरेको, हिरासतमा राखेको वा अन्य कुनै किसिमले नियन्त्रणमा लिएको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी समक्ष प्रचलित कानून बमोजिम उपस्थित गराउनु पर्ने अवधि व्यतीत भएपछि सरोकारवालालाई भेटघाट गर्न नदिने वा निजलाई कहाँ, कसरी र कुन अवस्थामा राखिएको छ भन्ने सम्बन्धमा जानकारी नदिने,

(२) कुनै संगठन वा संगठित वा असंगठित समूहको नामबाट कुनै पनि व्यक्तिलाई पक्राउ वा अपहरण गरी, कब्जामा वा नियन्त्रणमा लिई वा अन्य कुनै किसिमले निजको वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरी त्यसरी नियन्त्रणमा लिई वा वञ्चित गरी चौबीस घण्टा व्यतीत भएपछि वा त्यसरी वञ्चित गर्नुको कारण तथा निजलाई कहाँ, कसरी र कुन अवस्थामा राखिएको छ भन्ने सम्बन्धमा सरोकारवालालाई जानकारी नदिने ।

(ख) "पीडित" भन्नाले बेपत्ता पारिएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले निजको परिवारको सदस्य समेतलाई जनाउँछ ।

(ग) "परिपूरण" भन्नाले दफा २२ बमोजिम पीडितलाई उपलब्ध गराइने सुविधा सम्झनु पर्छ ।

(घ) "परिवार" भन्नाले पीडितको पति, पत्नी, छोरा, छोरी, बाबु, आमा, सासु, ससुरा, बाजे, बज्यै, नाति, नातिनी वा सगोलको दाजु भाइ वा दिदी बहिनी सम्झनु पर्छ ।

(ङ) "आयोग" भन्नाले दफा १० बमोजिम गठन भएको आयोग सम्झनु पर्छ ।

1328

## परिच्छेद-२

## व्यक्ति बेपत्ता पार्ने कार्य गर्न गराउन नहुने

३. **व्यक्ति बेपत्ता पार्ने कार्य गर्न गराउन नहुने** : (१) कसैले पनि कसैलाई बेपत्ता पार्ने कार्य गर्नु वा गराउनु हुँदैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कसैले पनि व्यक्ति बेपत्ता पार्ने कार्यमा मतियार हुन, कुनै किसिमले परिपञ्च गर्न वा त्यस्तो कार्यमा कुनै पनि प्रकारले सहयोग गर्न हुँदैन ।

४. **बेपत्ता पार्ने मुख्य कसुरदार मानिने** : (१) कुनै व्यक्तिलाई एकभन्दा बढी व्यक्तिले सामूहिक रुपमा बेपत्ता पारेमा बेपत्ता पार्ने कार्यमा संलग्न सबै व्यक्ति मुख्य कसुरदार मानिनेछन् ।

(२) अन्यथा प्रमाणित भएकोमा बाहेक कुनै व्यक्तिलाई जुन व्यक्तिको आदेशले पक्राउ गरी, थुनामा राखी वा नियन्त्रणमा लिई बेपत्ता पारेको हो सोही व्यक्ति बेपत्ता पार्ने मुख्य कसुरदार मानिनेछ ।

(३) बेपत्ता पार्ने कार्य कुनै सार्वजनिक पद धारण गरेको व्यक्ति वा संगठन वा संगठित वा असंगठित समूहको जिम्मेबार व्यक्तिको आदेश वा निर्देशन बमोजिम भए गरेको पाइएमा त्यस्तो आदेश वा निर्देशन दिने व्यक्ति बेपत्ता पार्ने मुख्य कसुरदार मानिनेछ ।

५ **कसुर गरेको मानिने** : (१) कसैले दफा ३ बमोजिम व्यक्ति बेपत्ता पार्ने कार्य गरे वा गराएमा निजले यस अध्यादेश बमोजिम कसुर गरेको मानिनेछ ।

(२) कसैले आफू मातहतको पदाधिकारी, निकाय वा समूहद्वारा व्यक्ति बेपत्ता पार्ने कार्य गर्न वा गराउन लागेको कुरा थाहा पाएर पनि त्यसको उपेक्षा गरेमा वा त्यस्तो कार्य रोक्ने सम्बन्धमा आवश्यक उपाय नअपनाएमा निजले समेत यस अध्यादेश बमोजिम कसुर गरेको मानिनेछ ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो अध्यादेश प्रारम्भ हुनु अघि व्यक्ति बेपत्ता गरे वा गराएको कार्यलाई यसै अध्यादेश बमोजिम कसुर गरेको मानिनेछ ।

६. **सजाय** : (१) यस अध्यादेश बमोजिमको कसुर गर्ने व्यक्तिलाई देहाय बमोजिम सजाय हुनेछः-

(क) कसैले कुनै व्यक्तिलाई बेपत्ता पारेमा बेपत्ता पारेको अवधि र अवस्थालाई समेत विचार गरी सो काम गर्ने मुख्य कसुरदारलाई पाँच वर्षसम्म कैद र तीन लाख रुपैयाँसम्म जरिवाना,

1329



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) बेपत्ता पार्न उद्योग वा परिपञ्च गर्ने, मतियार बन्ने वा सहयोग गर्नेलाई बेपत्ता पार्ने मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय ।

(२) कसैले महिला वा नावालक विरुद्ध यस अध्यादेश बमोजिम कसुर मानिने कुनै कार्य गरेमा उपदफा (१) बमोजिम हुने सजायमा दुई वर्ष थप सजाय हुनेछ ।

(३) कसैले कुनै व्यक्तिलाई बेपत्ता पारिएको अवधिमा प्रचलित कानून बमोजिम सजाय हुने अन्य कुनै कसुर गरेको भए निजलाई त्यस्तो कानून बमोजिम हुने सजायमा यस अध्यादेश बमोजिम थप सजाय समेत हुनेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि व्यक्ति बेपत्ता पार्ने कार्यमा संलग्न मुख्य कसुरदार बाहेक अन्य कुनै कसुरदारले आयोगले छानविन गर्दा वा मुद्दाको सुनुवाई हुँदा आयोग, अनुसन्धान अधिकारी, अभियोजनकर्ता वा अदालतलाई सत्य तथ्य पत्ता लगाउन सहयोग गरेमा मुद्दा हेर्ने अधिकारीले त्यस्तो व्यक्तिलाई यस अध्यादेश बमोजिम हुने सजाय अवस्था अनुसार घटाउन वा पूरै सजाय मिनाहा गर्न सक्नेछ ।

तर, आयोग समक्ष दिएको वयान वा प्रमाणभन्दा प्रतिकूल हुने गरी अदालतमा बयान वा प्रमाण दिएमा निज उपर पुनः अभियोगपत्र दायर गर्न सकिनेछ ।

७. <u>कसुरसँग सम्बन्धित मालसामान जफत हुने</u> : यस अध्यादेश अन्तर्गत सजाय हुने कसुर गर्दा सम्बन्धित धनीको सहमतिले प्रयोग गरिएका भवन, सवारी साधन, हातहतियार तथा अन्य सबै मालसामान जफत हुनेछन् ।

८. <u>क्षतिपूर्ति भराई लिन पाउने</u> : (१) बेपत्ता पारिएको व्यक्ति पछि सार्वजनिक भए गरेमा निजले बेपत्ता पार्ने व्यक्तिबाट मनासिव क्षतिपूर्ति भराई लिन पाउनेछ ।

(२) बेपत्ता पारिएको व्यक्तिको मृत्यु भइसकेको भए सो रकम निजको परिवारको नजिकको सदस्यले भराई लिन पाउनेछ ।

1329 1330



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. **धनमाल फिर्ता गर्नु पर्ने** : बेपत्ता पारिएको व्यक्तिलाई बेपत्ता गर्दा निजको धनमाल समेत लिएको ठहर भएमा बेपत्ता पार्ने व्यक्तिसँग त्यस्तो धनमाल भए सो र नभएमा सो धनमाल बराबरको रकम निजलाई फिर्ता गर्नु पर्नेछ ।

## परिच्छेद-३

## आयोगको गठन

१०. **आयोग गठन गर्न सक्ने** : (१) यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि संवत् २०५२ साल फागुन १ गते देखि २०६३ साल मंसिर ५ गते सम्म भएको सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्ति र त्यस्तो कार्यमा संलग्न व्यक्तिहरुको बारेमा छानबिन गरी प्रतिवेदन पेश गर्न नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी एक उच्चस्तरीय स्वतन्त्र आयोग गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने आयोगमा अध्यक्ष सहित बढीमा पाँच जना सदस्यहरु रहन सक्नेछन् ।

(३) उपदफा (१) बमोजिम गठन हुने आयोगका अध्यक्ष तथा सदस्यहरुको नियुक्तिको लागि सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछ:-

(क) सभापति, अन्तर्राष्ट्रिय सम्बन्ध र मानव अधिकार समिति, व्यवस्थापिका-संसद -अध्यक्ष

(ख) मानव अधिकारवादी, मनोविज्ञानबेत्ता, कानूनविद्, विधि विज्ञानबेत्ता, द्वन्द्वविद् र समाजशास्त्री वा शान्ति प्रक्रियामा संलग्न वा अन्य कुनै व्यक्तिहरु मध्येबाट नेपाल सरकारले मनोनयन गरेका दुइजना -सदस्य

(४) उपदफा (३) बमोजिमको सिफारिस समितिले आयोगका अध्यक्ष र सदस्यको नियुक्तिको लागि सिफारिस गर्दा मानव अधिकारवादी, मनोविज्ञानबेत्ता, कानूनविद् विधि विज्ञानबेत्ता, द्वन्द्वविद्, समाजशास्त्री वा शान्ति प्रकृयामा संलग्न व्यक्तिहरु मध्ये सम्बन्धित क्षेत्रमा कम्तीमा दशवर्ष काम गरी ख्याति प्राप्त गरेका व्यक्तिहरु मध्येबाट कम्तीमा एकजना महिला समेत रहने गरी सिफारिस गर्नु पर्नेछ ।

1331



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपदफा (३) बमोजिमको सिफारिस समितिको कार्यविधि समिति आंफैले निर्धारण गरे बमोजिम हुनेछ ।

११. **आयोगका अध्यक्ष तथा सदस्यको सेवा शर्त** : आयोगको अध्यक्ष तथा सदस्यको पारिश्रमिक, सेवाको शर्त र सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

१२. **आयोगको बैठक र निर्णय** (१) आयोगको बैठक आवश्यकतानुसार अध्यक्षले तोकेको स्थान, मिति र समयमा बस्नेछ ।

(२) आयोगको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा आयोगको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) आयोगको बैठकको अध्यक्षता आयोगको अध्यक्षले र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुमध्ये वरिष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) आयोगको निर्णय सर्वसम्मतबाट गरिनेछ र यसरी सर्वसम्मतबाट निर्णय हुन नसकेमा आयोगको बैठकमा बहुमतको राय मान्य हुनेछ । मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) आयोगको सचिवले आयोगको बैठकमा सचिवको रुपमा समेत काम गर्नेछ ।

(६) आयोगको बैठकको निर्णय आयोगको अध्यक्षले प्रमाणित गर्नेछ ।

(७) आयोगले चाहेमा आयोगको काम कारबाहीसँग सम्बन्धित विषयका विज्ञलाई आयोगको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१३. **आयोगका कर्मचारी र विशेषज्ञ:** (१) नेपाल सरकारले आयोगसंग परामर्श गरी आयोगको लागि आवश्यक पर्ने कर्मचारीहरु उपलब्ध गराउनेछ ।

1332



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) आयोगमा कार्यरत कर्मचारीहरुमध्येबाट आयोगले तोकेको कर्मचारीले आयोगको सचिव भई काम गर्नेछ ।

(३) आयोगले आफ्नो काम कारवाहीको सिलसिलामा आवश्यकतानुसार कुनै विशेषज्ञ वा विशिष्टीकृत निकायबाट विशेषज्ञ सेवा लिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम विशेषज्ञ सेवा लिइने विशेषज्ञको पारिश्रमिक र सुविधा आयोगको सिफारिसमा नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

(५) उपदफा (१) बमोजिम आयोगमा कार्यरत कर्मचारीहरुले नेपाल सरकारले तोके बमोजिमको सुविधा पाउनेछन् ।

१४. **आयोगको स्रोत, साधन र खर्च** : आयोगको लागि आवश्यक पर्ने भौतिक स्रोत, साधन र खर्चको व्यवस्था नेपाल सरकारले गर्नेछ ।

परिच्छेद-४

## आयोगको काम, कर्तव्य र अधिकार

१५. **आयोगको काम, कर्तव्य र अधिकार** : यस अध्यादेशमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बेपत्ता पारिएका व्यक्तिहरुको सम्बन्धमा छानविन गरी सत्य तथ्य पत्ता लगाउने,

(ख) बेपत्ता पार्ने कार्यमा दोषी देखिएका व्यक्तिहरु यकिन गर्ने,

(ग) बेपत्ता पारिएका व्यक्ति वा निजको परिवारलाई उपलब्ध गराउनु पर्ने परिपूरणका सम्बन्धमा सिफारिस गर्ने ।

१६. **उजुरी छानविन गर्ने अधिकार** : (१) आयोगले व्यक्ति बेपत्ता सम्बन्धी विषयमा देहायको आधारमा छानविन गर्न सक्नेछ :-

(क) पीडित वा निजको तर्फबाट कसैले आयोग समक्ष उजुरी दिएमा,

1333



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) कुनै स्रोतबाट आयोगलाई सो विषयमा जानकारी प्राप्त भएमा,

(ग) सो विषयमा छानविन गर्न आयोगले उपयुक्त सम्झेमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि आयोगले यो अध्यादेश प्रारम्भ हुँदाका बखत व्यक्ति बेपत्ता सम्बन्धमा अदालतबाट भएको आदेश बमोजिमको विषयमा समेत छानविन गर्नेछ ।

१७. **आयोगको जाँचबुझ सम्बन्धी अधिकारः** (१) आयोगले दफा १६ बमोजिम छानविन गर्दा देहायको काम गर्न प्रचलित कानून बमोजिम अदालतलाई भए सरहको अधिकार प्रयोग गर्न सक्नेछः-

(क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई जानकारी लिने वा बयान गराउने,

(ख) साक्षी बुझ्ने तथा बकपत्र गराउने,

(ग) कुनै लिखत वा कागजात पेश गर्न आदेश दिने,

(घ) कुनै सरकारी वा सार्वजनिक कार्यालय वा अदालतबाट कुनै लिखत वा त्यसको नक्कल झिकाउने,

(ङ) प्रमाण बुझ्ने,

(च) स्थलगत निरीक्षण गर्ने गराउने वा दशी प्रमाण पेश गर्न आदेश दिने ।

(२) उपदफा (१) बमोजिम कुनै व्यक्ति उपस्थित गराउन वा लिखत, कागजात, दशी वा प्रमाण पेश गर्ने सम्बन्धमा आयोगले उपयुक्त सम्झेमा मनासिब समय तोक्न सक्नेछ ।

(३) आयोगले यस अध्यादेश बमोजिम छानविन गर्दा कुनै वस्तु, लिखत कुनै व्यक्तिका साथमा वा कुनै खास स्थानमा छ भन्ने लागेमा विना सूचना त्यस्तो व्यक्ति वा स्थानको तलासी लिन वा लिन लगाउन र फेला

1334



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परेका वस्तु वा लिखत कब्जा गर्न वा गर्न लगाउन वा त्यस्तो लिखतको पूरै वा आंशिक नक्कल वा प्रतिलिपि लिन लगाउन सक्नेछ ।

(४) सार्वजनिक पद धारण गरेको कुनै व्यक्ति उपर यस अध्यादेश बमोजिम छानविन गर्नु परेमा र निजलाई पदमा वहाल राखिरहंदा निजले प्रमाण लोप गर्ने संभावना देखिएमा आयोगले निजलाई निलम्बन गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ र त्यसरी लेखी आएमा सम्बन्धित निकायले समेत त्यस्तो व्यक्तिलाई निजको सेवा शर्त सम्बन्धी कानूनमा उल्लेख भएकोमा सोही बमोजिम र त्यसरी उल्लेख नभएकोमा बढीमा तीन महिनाको लागि निलम्बन गर्नु पर्नेछ ।

(५) बेपत्ता पारिएको व्यक्तिलाई मारी मृतकको शव कुनै स्थानमा गाडेको सम्बन्धमा आयोग विश्वस्त भएमा आयोगले त्यस्तो ठांउको उत्खनन गरी वास्तविकता पत्ता लगाउन सक्नेछ ।

(६) आयोगलाई प्राप्त भएको उजुरी तथा जानकारी छानविन गर्ने सम्बन्धी अन्य व्यवस्था आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१८. <u>आयोगको कार्यमा सहयोग पुर्‍याउनु पर्ने</u> : (१) आयोगले दफा १७ बमोजिम माग गरेको लिखत, कागजात, दशी वा प्रमाण पेश गर्नु तथा आयोगमा उपस्थित भई जानकारी, बयान वा बकपत्र दिनु सम्बन्धित व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ ।

(२) आयोगले यस अध्यादेश बमोजिम छानविनको सिलसिलामा कुनै ठाउँको तलासी लिंदा वा कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराउन स्थानीय प्रशासनको सहयोग माग गरेमा आयोगलाई सहयोग गर्नु स्थानीय प्रशासनको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम कर्तव्य भएको व्यक्ति, संस्था वा निकायले आयोगको कार्यमा सहयोग नगरेमा आयोगले त्यस्तो व्यक्ति वा सो संस्था वा निकायको प्रमुखलाई पटकै पिच्छे पन्ध्र हजार रुपैंयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम कर्तव्य भएको व्यक्ति, कुनै सरकारी निकाय वा सार्वजनिक संस्थाको पदाधिकारी वा कर्मचारी भएमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आयोगले त्यस्तो पदाधिकारी वा कर्मचारीलाई विभागीय कारवाही गर्न वा प्रचलित कानून बमोजिम पदीय जिम्मेवारी पूरा नगरेको आरोपमा कारवाही गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(५) कसैले आयोगको काम कारबाहीमा बाधा बिरोध गरेमा आयोगले त्यस्तो व्यक्तिलाई पटकै पिच्छे पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

१९. **साक्षी तथा अन्य व्यक्तिको संरक्षण** : (१) आयोगमा बयान, बकपत्र वा जानकारी दिन उपस्थित हुने कुनै व्यक्ति, पीडित वा निजको परिवारका सदस्यले आफ्नो सुरक्षाको लागि आयोगसँग अनुरोध गरेमा र सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा त्यस्तो व्यक्तिलाई सुरक्षा दिन आवश्यक देखिएमा आयोगले सो व्यक्तिको सुरक्षाको लागि उचित व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै व्यक्तिको सुरक्षाको लागि आयोगले आवश्यकतानुसार नेपाल सरकारको सहयोग लिन सक्नेछ।

(३) कुनै पनि व्यक्तिले आयोगमा बयान वा बकपत्र गरेको वा कुनै जानकारी दिएको कारणले मात्र निजका विरुद्ध कुनै मुद्दा चलाइने वा कानूनी कारवाही गरिने छैन।

(४) आयोगमा बयान, बकपत्र वा जानकारी दिन उपस्थित भएको व्यक्तिले आउँदा जाँदा र खान तथा बस्दा हुने वास्तविक खर्च माग गरेमा आयोगले त्यस्तो व्यक्तिलाई मनासिब खर्च उपलब्ध गराउन सक्नेछ।

(५) आयोगमा कुनै सूचना, जानकारी वा प्रमाण दिने व्यक्तिले आफ्नो नाम गोप्य राख्न चाहेमा आयोगले त्यस्तो व्यक्तिको नाम गोप्य राख्नु पर्नेछ।

(६) महिला वा बालबालिकालाई आयोग समक्ष उपस्थित गराई जानकारी लिनु पर्ने वा बयान वा बकपत्र गराउनु पर्ने भएमा आयोगले निजको इज्जत र सुरक्षाको विषेश प्रवन्ध गर्नु पर्नेछ।

२०. **आयोगले काम कारबाही गोप्य राख्न सक्ने** : आयोगले आफ्नो काम कारबाही गोप्य राख्न सक्नेछ।

1336



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. **तामेलीमा राख्न सक्ने** : आयोगमा प्राप्त भएको उजुरी वा जानकारी छानविन गर्दा आधारहीन वा तथ्यहीन देखिएमा आयोगले कारण खुलाई त्यस्तो कारवाही तामेलीमा राख्न सक्नेछ ।

२२. **परिपूरणको लागि सिफारिस गर्ने** : (१) यस अध्यादेश बमोजिम गरिएको छानविनबाट पीडितलाई निजको कब्जा गरिएको वा जफत गरिएको सम्पत्ति फिर्ता गर्न लगाउन र परिपूरण बापत कुनै किसिमको क्षतिपूर्ति वा अन्य कुनै सुविधा उपलब्ध गराउन आवश्यक देखिएमा आयोगले नेपाल सरकार समक्ष सिफारिस गर्नेछ ।

(२) उपदफा (१) मा लेखिएका कुराको अतिरिक्त आयोगले उपयुक्त सम्झेमा पीडित वा अवस्था अनुसार निजको परिवारको कुनै सदस्यलाई परिपूरण वापत देहायका सुविधा वा सहुलियत उपलब्ध गराउन नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछः-

(क) निःशुल्क शिक्षा तथा स्वास्थ्योपचार,

(ख) सीपमूलक तालीम,

(ग) विना ब्याज वा सहुलियतपूर्ण व्याजमा ऋण सुविधा,

(घ) बसोबासको व्यवस्था,

(ङ) रोजगारको सुविधा,

(च) आयोगले उपयुक्त सम्झेको अन्य सुविधा वा सहुलियत ।

(३) आयोगले उपदफा (१) र (२) बमोजिमको सिफारिस दफा २४ बमोजिमको प्रतिवेदन मार्फत गर्नेछ ।

२३. **कारबाहीको लागि लेखी पठाउने** : (१) आयोगले यस अध्यादेश बमोजिम छानविन गर्दा कुनै व्यक्ति प्रचलित कानून बमोजिम सजाय हुने अन्य कुनै कसुरमा संलग्न भएको देखिएमा आयोगले त्यस्तो व्यक्ति उपर कानून बमोजिम छानविन गरी कारवाही चलाउन प्राप्त सबुद प्रमाण समेत संलग्न गरी सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

1338


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा सम्बन्धित निकायले त्यस्तो व्यक्ति उपर प्रचलित कानून बमोजिम छानविन गर्नु पर्नेछ ।

(३) आयोगले यस अध्यादेश बमोजिम छानविन गर्दा कुनै व्यक्ति बेपत्ता पारेको आरोपमा दोषी देखिएमा दफा २४ बमोजिम प्रतिवेदन पेश गर्नु अगावै त्यस्तो व्यक्ति उपर प्रचलित कानून बमोजिम मुद्दा चलाउन महान्यायाधिवक्ताको कार्यालयमा लेखी पठाउन सक्नेछ ।

(४) आयोगले यस अध्यादेश बमोजिम छानविन गर्दा सार्वजनिक पद धारण गरेको कुनै व्यक्ति दोषी देखिएमा आयोगले निजलाई विभागीय कारवाही गर्न अख्तियारवाला समक्ष लेखी पठाउन सक्नेछ । यसरी लेखी आएमा सम्बन्धित अख्तियारवालाले निजलाई उपयुक्त सजाय प्रस्ताव गरी तीन महीनाभित्र प्रचलित कानून बमोजिम विभागीय कारवाही गरी सो को जानकारी आयोगलाई दिनुपर्नेछ ।

२४. <u>प्रतिवेदन पेश गर्ने</u> : (१) आयोगले यस अध्यादेश बमोजिम छानविन गरिसकेपछि देहायको विषयहरु खुलाई नेपाल सरकार समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ :-

(क) आयोगबाट छानविन गरिएका र तामेलीमा राखिएका उजुरी सम्बन्धी विवरण,

(ख) छानविनबाट पत्ता लागेको सत्य तथ्यगत विवरण,

(ग) प्रतिवेदन पेश गर्नु अगावै छानविन गर्न वा मुद्दा चलाउन सम्बन्धित निकायमा लेखी पठाएको विषय,

(घ) छानविनबाट दोषी देखिएका व्यक्ति उपर कारवाहीका लागि सिफारिस गरिएको विषय,

(ङ) भविष्यमा यस्ता घटना दोहोरिन नदिनका लागि गरिनु पर्ने आवश्यक कानूनी, संस्थागत, प्रशासनिक र व्यवहारिक सुधारका विषयहरु,

(च) आयोगले उपयुक्त सम्झेका अन्य कुराहरु ।

1338



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले यस अध्यादेश बमोजिम छानविन गरेको विषयमा समय समयमा नेपाल सरकार समक्ष अन्तरिम प्रतिवेदन पेश गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त भएको प्रतिवेदन नेपाल सरकारले संविधान सभा समक्ष पेश गर्नेछ।

परिच्छेद-५

विविध

२५. मुद्दा दायर गर्ने सम्बन्धी व्यवस्था : (१) आयोगको छानविनबाट दोषी देखिएको व्यक्ति उपर दफा २३ को उपदफा (३) बमोजिम आयोगबाट वा आयोगले दिएको प्रतिवेदनको आधारमा नेपाल सरकारबाट मुद्दा चलाउन लेखी आएमा महान्यायाधिवक्ता वा निजले तोकेको सरकारी वकिलले त्यस्तो व्यक्ति उपर मुद्दा चल्ने वा नचल्ने सम्बन्धमा आवश्यक जाँचबुझ गरी निर्णय गर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिएको जाँचबुझबाट त्यस्तो व्यक्तिउपर मुद्दा चलाउने निर्णय भएमा सम्बन्धित सरकारी वकिलले सो व्यक्ति उपर नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अदालतमा मुद्दा चलाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम मुद्दा चलाइएकोमा बाहेक व्यक्ति बेपत्ता पार्ने सम्बन्धमा उजुरी दिने, अनुसन्धान गर्ने तथा मुद्दा चलाउने सम्बन्धी व्यवस्था प्रचलित सरकारी मुद्दा सम्बन्धी ऐन बमोजिम हुनेछ।

२६. हदम्याद : (१) व्यक्ति बेपत्ता पारिएको थाहा भएको वा बेपत्ता पारिएको व्यक्ति सार्वजनिक भएको मितिले छ महीनाभित्र उजुर गरी सक्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि यो अध्यादेश प्रारम्भ हुनु भन्दा अघि बेपत्ता भएको व्यक्तिको सम्बन्धमा यो अध्यादेश लागु भएको मितिले छ महिना भित्र उजुर गरी सक्नु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि आयोगद्वारा छानविन गर्ने विषयमा उजुरी गर्ने म्याद आयोगले तोके बमोजिम हुनेछ।

1339



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२७. **नेपाल सरकार वादी हुने** : यस अध्यादेश अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ र सो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

२८ **प्रमाणको भार** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि कसैले पकाउ गरेको वा नियन्त्रणमा लिएको कुनै व्यक्ति बेपत्ता भएकोमा त्यस्तो व्यक्तिलाई निजले बेपत्ता पारेको होइन भनी प्रमाण पुऱ्याउने भार त्यसरी पक्राउ गर्ने वा नियन्त्रणमा लिने व्यक्तिमा रहनेछ ।

२९. **कार्यटोली गठन गर्न सक्ने** : (१) आयोगले आफ्नो काम कारबाही सुचारु रुपले गर्नको लागि सम्बन्धित क्षेत्रका विज्ञहरु समावेश गरी आवश्यकतानुसार विभिन्न कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित कार्यटोलीको काम, कर्तव्य र अधिकार, कार्यावधि, सो कार्यटोलीका सदस्यले पाउने सुविधा तथा अन्य व्यवस्था आयोगको सिफारिसमा नेपाल सरकारले तोकिदिए बमोजिम हुनेछ ।

३०. **काम कारबाही गर्न बाधा नपर्ने** : आयोगको कुनै सदस्यको पद रिक्त भएको कारणले मात्र आयोगले काम कारबाही गर्न कुनै बाधा पर्ने छैन ।

३१. **अधिकार प्रत्यायोजन** : आयोगले यस अध्यादेश बमोजिम आफूलाई प्राप्त भएको अधिकारमध्ये आवश्यकतानुसार केही अधिकार अध्यक्ष, सदस्य, दफा २९ बमोजिम गठित कार्यटोली वा आयोगका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३२. **सूचना दिनेलाई पुरस्कृत गर्न सक्ने** : यस अध्यादेश बमोजिम आयोगले छानबिन गरेको विषयमा सत्य तथ्य पत्ता लगाउने कार्यमा आयोगलाई सहयोग पुऱ्याउने व्यक्ति, संगठन, निकाय वा संस्थालाई आयोगले पुरस्कृत गर्न सक्नेछ ।

३३. **अन्य निकायको सिफारिसलाई आधार लिन सक्ने** : आयोगले यस अध्यादेश बमोजिम छानविन गर्दा प्रचलित कानून बमोजिम स्थापित आयोग वा नेपाल सरकारद्वारा गठित कुनै निकायले बेपत्ता पारिएको व्यक्तिका सम्बन्धमा छानविन गरी पेश गरेको सिफारिसलाई आधार लिन सक्नेछ ।

1340



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३४. **भुठा उजुर गर्नेलाई सजाय** : कसैलाई कुनै किसिमको हानि नोक्सानी पुऱ्याउने वा दुःख दिने नियतले कसैले भुठा उजुर दिएको ठहरेमा निजलाई मुद्दा हेर्ने अधिकारीले पाँच हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ ।

३५. **शपथ** : आफ्नो कार्यभार सम्हाल्नु अघि अध्यक्षले प्रधान न्यायाधीश समक्ष र सदस्यले अध्यक्षसमक्ष अनुसूची बमोजिमको ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ ।

३६. **बाधा अड्काउ फुकाउने अधिकार** : यस अध्यादेश कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा आयोगको परामर्शमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी बाधा अड्काउ फुकाउन आदेश जारी गर्न सक्नेछ ।

३७. **आयोगको कार्यावधि** : आयोगको कार्यावधि आयोग गठन हुँदाका बखत नेपाल सरकारले तोकिदिए बमोजिम हुनेछ ।

३८. **आयोग विघटन हुने** : (१) दफा ३७ बमोजिम आयोगको कार्यावधि समाप्त भएमा वा सो कार्यावधि समाप्त नहुँदै आयोगले दफा २४ को उपदफा (१) बमोजिम आफ्नो प्रतिवेदन पेश गरेमा आयोग स्वतः विघटन हुनेछ ।

(२) व्यक्ति बेपत्ता पारेको विषयमा छानविन गर्न यस अध्यादेश बमोजिम एकपटक आयोग गठन गरिसकेपछि त्यस्ता व्यक्तिको सम्बन्धमा छानविन गर्न पुनः आयोग गठन गरिने छैन ।

३९. **यसै अध्यादेश बमोजिम हुने** : यस अध्यादेशमा लेखिएका कुरामा यसै अध्यादेश बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

४०. **मृत्युको जानकारी दिने** : आयोगबाट छानविन गर्दा बेपत्ता पारिएको व्यक्तिको मृत्यु भैसकेको देखिन आएमा आयोगले मृतकको परिवारको नजिकको सदस्यलाई सो को जानकारी दिनेछ ।

४१. **नेपाल सरकारसँग सम्पर्क** : आयोगले नेपाल सरकारसँग सम्पर्क राख्दा शान्ति तथा पुनर्निर्माण मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

४२. **नियम बनाउने अधिकार** : यस अध्यादेशको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आयोगसंग परामर्श गरी आवश्यक नियम बनाउन सक्नेछ ।

134



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची

(दफा ३५ सँग सम्बन्धित)

शपथ

म (अध्यक्ष/ सदस्यको पूरा नाम) ............................................. मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु / ईश्वरको नाममा शपथ लिन्छु कि नेपाली जनता र प्रचलित संविधान तथा अन्य कानून प्रति निष्ठाबान रही आफूले ग्रहण गरेको अध्यक्ष/सदस्य पदको जिम्मेवारी र कर्तव्य कसैको डर, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी इमान्दारीसाथ पालन गर्नेछु र आफ्नो कर्तव्य पालनको सिलसिलामा आफूलाई ज्ञात हुन आएको कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक आफू बहाल रहेको वा नरहेको कुनै पनि अवस्थामा प्रकट गर्ने छैन ।

मितिः-

दस्तखतः

नाम, थर

प्रमाणीकरण मिति : २०६५।१०।२८

आज्ञाले,
राजुमान सिंह मल्ल
नेपाल सरकारको निमित्त सचिव

1342



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग